जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक २०९ • २०८३ जेठ ६ गते बुधवार • 20 May 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

## 'परिवर्तनको आवाज: सिर्जनशीलता, पहिचान र अभियान मार्फत भविष्य निर्माण' परियोजना औपचारिक रूपमा सुरु

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ५ जेठ



मधेश प्रदेशमा कला, साहित्य तथा सांस्कृतिक क्षेत्रमा समावेशी सहभागिता बढाउने उद्देश्यसहित 'परिवर्तनको आवाज: सिर्जनशीलता, पहिचान र अभियान मार्फत भविष्य निर्माण' परियोजना औपचारिक रूपमा सुरु गरिएको छ । एफसीीए नेपाल, दलित लाइभ्स म्याटर ग्लोबल अलायन्स र शान्ता फाउण्डेशनको साझेदारीमा सञ्चालित उक्त परियोजनाको मधेश प्रदेशस्तरीय शुभारम्भ कार्यक्रम मंगलबार जनकपुरधाममा सम्पन्न भएको हो ।

युरोपेली संघको आर्थिक सहयोगमा सञ्चालन हुने परियोजनाले महिला, दलित, आदिवासी जनजाति तथा यौनिक एवं लैङ्गिक अल्पसंख्यक समुदायका युवालाई सिर्जनात्मक क्षेत्रमा अवसर, स्रोत र सुरक्षित कार्य वातावरण उपलब्ध गराउने लक्ष्य लिएको आयोजकले जनाएको छ । आयोजकका अनुसार परियोजना काठमाडौं उपत्यकासहित मधेश र सुदूरपश्चिम प्रदेशमा कार्यान्वयन हुनेछ । कला, साहित्य, शिल्प तथा सांस्कृतिक क्षेत्रमा सक्रिय युवाहरूलाई आत्मनिर्भर बनाउँदै सिर्जनशील उद्योगको प्रवर्द्धन गर्ने उद्देश्य परियोजनाले लिएको छ ।

शुभारम्भ कार्यक्रममा प्रदेश सरकारका प्रतिनिधि, स्थानीय तह, कलाकार, युवा समूह, सञ्चारकर्मी तथा नागरिक समाजका अगुवाहरूको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीहरूले नेपालको सिर्जनात्मक क्षेत्रलाई रोजगारी, सामाजिक रूपान्तरण र पहिचान सुदृढीकरणको माध्यमका रूपमा विकास गर्न राज्य र निजी क्षेत्रको लगानी तथा सहकार्य आवश्यक रहेको धारणा राखेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि सभामुख रामअशिष यादवले 'परिवर्तनको आवाज' परियोजनाले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने अभियानमा सकारात्मक योगदान पुऱ्याउने बताए । उनले समावेशी अधिकार र संविधान संशोधनसम्बन्धी बहससँग पनि परियोजनाको उद्देश्य जोडिएको उल्लेख गरे । त्यसैगरी, रीता मिश्रले स्थानीय तहको तर्फबाट परियोजनालाई स्वागत गर्दै यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सहयोग रहने प्रतिबद्धता जनाइन् ।

## मेची-महाकाली जनजागरण अभियान जनकपुरधाम पुगे



जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ५ जेठ

चुरे क्षेत्रको संरक्षण र वन विनाश रोक्न माग गर्दै सञ्चालन गरिएको मेची-महाकाली जनजागरण अभियान मंगलबार जनकपुरधाम पुगेको छ । अभियान टोलीले चुरे दोहन, अवैध उत्खनन तथा नदी नालामाथिको अतिक्रमणविरुद्ध जनमत निर्माण गर्न हस्ताक्षर संकलनलाई तीव्रता दिएको हो ।

अभियानका राष्ट्रिय संयोजक सुनिल यादवले पछिल्ला वर्षहरूमा चुरे क्षेत्रमा अवैध रूपमा गिट्टी, बालुवा र ढुंगाको उत्खनन बढ्दै गएको बताए । उनका अनुसार वन फँडानी, जडीबुटी तस्करी तथा नदी प्रदूषणका कारण वातावरणीय सन्तुलन बिग्रँदै गएको छ ।

उनले चुरे क्षेत्रको अनियन्त्रित दोहनले नदी तथा खोलाहरू सुक्दै र नाङ्गिँदै गएको उल्लेख गर्दै समयमै संरक्षणका प्रभावकारी कदम नचालिए तराई-मधेश क्षेत्रमा गम्भीर वातावरणीय संकट निम्तिन सक्ने चेतावनी दिए । खुला चरिचरण, वन अतिक्रमण र नदी किनारमा भइरहेको अव्यवस्थित गतिविधिले प्राकृतिक स्रोतमा प्रत्यक्ष असर परेको उनको भनाइ छ ।

अभियान टोलीले सरकारसँग चुरे दोहन तत्काल रोक्न, अवैध उत्खननमा संलग्नमाथि कडा कारबाही गर्न, वन अतिक्रमण नियन्त्रण गर्न तथा नदी नालालाई प्रदूषणमुक्त बनाउन माग गरेको छ । साथै चुरे क्षेत्रमा हुने भ्रष्टाचार नियन्त्रण गरी दीर्घकालीन संरक्षण नीति लागू गर्नुपर्ने माग पनि अघि सारिएको छ । अभियानअन्तर्गत देशभर संकलन गरिएका हस्ताक्षर संघीय सरकारलाई बुझाइने आयोजकले जनाएको छ ।




GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार
- सेवाग्राहीसँग नम्र, शिष्ट र सम्मानजनक व्यवहार गरौं,
- सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाऔं,
- अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं,
- सूचनाको हक सुनिश्चित गरौं,
- भ्रष्टाचार र अनियमितता पूर्ण रुपमा निषेध गरौं,
- गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔं,
- प्रविधिमैत्री सेवा विस्तार गरौं,
- जवाफदेही र परिणाममुखी कार्यशैली विकास गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रकाशनको कुरा

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



## सम्पादकीय..................

# युवाले जलवायु विषय उठाउनुपर्छ

नेपालसँग विश्वलाई सिकाउन सक्ने धेरै सकारात्मक अभ्यासहरू रहेको देखिन्छ। नेपालको सामुदायिक वन व्यवस्थापन प्रणाली विश्वकै सफल मोडलमध्ये एक रहेको देखिन्छ। स्थानीय समुदायले वन संरक्षणमा खेलेको भूमिका प्रेरणादायी रहेका छन्। यही अनुभवलाई अन्तर्राष्ट्रिय स्तरमा प्रस्तुत गरेर नेपालले आफूलाई समाधान खोज्ने राष्ट्रका रूपमा पनि चिनाउन सक्ने देखिन्छ। आजको आवश्यकता केवल भाषणको होइन, कार्यको पनि रहेको देखिन्छ। नेपाली युवाले जलवायु परिवर्तनलाई एउटा अभियानका रूपमा लिनुपर्ने देखिन्छ। नीति निर्माणदेखि स्थानीय तहसम्म, सामाजिक सञ्जालदेखि अन्तर्राष्ट्रिय सम्मेलनसम्म, विद्यालयदेखि संयुक्त राष्ट्रसंघसम्म नेपालका युवाको आवाज सुनिनुपर्छ। जलवायु न्यायका लागि नेपालको दाबी बलियो बनाउन युवाले अनुसन्धान, तथ्यांक, अभियान र अन्तर्राष्ट्रिय सहकार्यलाई प्राथमिकता दिनुपर्ने देखिन्छ।

अन्ततः, जलवायु परिवर्तन केवल वैज्ञानिक बहसको विषयमात्र नभई अस्तित्वको प्रश्न पनि रहेको देखिन्छ। यदि हिमालहरू पग्लिरहे, यदि पानीका स्रोत सुक्दै गए, यदि कृषि प्रणाली धराशायी भयो भने नेपालको भविष्य संकटमा पर्न सक्ने देखिन्छ। त्यसैले नेपाली युवाले जलवायु विषय उठाउनु केवल एउटा वैकल्पिक अभियान मात्र नभई यो राष्ट्रको अस्तित्वसँग जोडिएको जिम्मेवारी पनि रहेको देखिन्छ। यसलाई देश भरीका युवाहरुले उठान गरी देशको विकास तथा भावि संकटसँग लडन सक्रिय हुन जरुरी छ।

# गैरकानुनी हस्तक्षेप तत्काल रोक्न आग्रह गर्दै तालाबन्दी गर्न बाध्य हुने चेतावनी

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, ५ जेठ**

रौतहटको मौलापुर नगरपालिकाकी मेयर रिनाकुमारी साहले वालेन्द्र शाह नेतृत्वको सरकारलाई मौलापुर नगरपालिकामा भइरहेको भनिएको गैरकानुनी हस्तक्षेप तत्काल रोक्न आग्रह गर्दै अन्यथा नगरपालिकामा तालाबन्दी गर्न बाध्य हुने चेतावनी दिएकी छन्। मेयर साहले मंगलबार प्रेस वक्तव्य जारी गर्दै संविधान र कानुनअनुसार स्थानीय तह सञ्चालन गर्न संघीय सरकारले सहजीकरण गर्नुको सट्टा कर्मचारीतन्त्र मार्फत अनावश्यक



दबाब र अवरोध सिर्जना गरिएको आरोप लगाएकी हुन्। उनले नगरपालिकाले सञ्चालन गर्दै आएको 'फ्री बिजुली, फ्री पानी' कार्यक्रम तथा 'छोरीसँग मेयर कार्यक्रम' अन्तर्गत छोरीहरूको विवाहमा प्रदान गरिने आर्थिक सहयोग कार्यक्रमप्रति नगरपालिका प्रतिबद्ध रहेको स्पष्ट पारेकी छन्। नगरसभाबाट पारित नीति, कार्यक्रम तथा बजेटअनुसार आवश्यक रकम विनियोजन गरिसकिएको भए पनि प्रशासनिक अवरोधका कारण भुक्तानी प्रक्रिया प्रभावित भएको उनको भनाइ छ।

मेयर साहका अनुसार चालु आर्थिक वर्षको शुरूवातमै तत्कालीन सरकारद्वारा खटाइएका प्रमुख प्रशासकीय अधिकृत लामो समय कार्यालयमा अनुपस्थित रहे। त्यसपछि सरकार परिवर्तन, अस्पष्ट निर्देशन तथा आचारसंहिताका कारण विकास कार्यक्रम र सेवा प्रवाह प्रभावित भएको उनको दाबी छ।

उनले वर्तमान सरकारले पठाएको प्रमुख प्रशासकीय अधिकृतसमेत नियमित रूपमा कार्यालयमा उपस्थित नभएको तथा बैंक खाता सञ्चालन प्रक्रियासमेत अगाडि नबढाएको आरोप लगाएकी छन्।

# नेपाली कांग्रेसद्वारा मधेश प्रदेश सरकारमा मन्त्री हेरफेरको तयारी

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ५ जेठ**

नेपाली कांग्रेसले मधेश प्रदेश सरकारमा मन्त्री हेरफेरको तयारी गरेको छ। पार्टीको आधिकारिक उम्मेदवारविरुद्ध निर्वाचनमा असहयोग गरेको आरोप खेपिरहेका स्वास्थ्य तथा जनसंख्या मन्त्री जंगीलाल रायलाई पदबाट हटाउने विषयमा कांग्रेसभित्र आन्तरिक छलफल तीव्र बनेको स्रोतले जनाएको छ।

कांग्रेस निकट स्रोतका अनुसार मन्त्री रायको स्थानमा सर्लाहीबाट निर्वाचित प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री वीरेन्द्र कुमार सिंहलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी दिने तयारी भइरहेको छ। यद्यपि, यसबारे पार्टी नेतृत्व वा प्रदेश सरकारका तर्फबाट औपचारिक निर्णय भने सार्वजनिक गरिएको छैन।

पार्टीभित्र अनुशासनको विषयलाई लिएर पछिल्लो समय चर्किएको विवादकै प्रभावस्वरूप मन्त्रीस्तरीय हेरफेरको गृहकार्य सुरु भएको बताइएको छ। कांग्रेस केन्द्रीय अनुशासन समितिले गत बैशाख १६ गते प्रतिनिधिसभा सदस्य निर्वाचनका क्रममा पार्टीको आधिकारिक उम्मेदवारलाई असहयोग गरेको आरोपमा विभिन्न प्रदेशका मन्त्री, सांसद तथा नेतासहित सात जनासँग स्पष्टीकरण मागेको थियो।



समितिले पाँच दिनभित्र लिखित जवाफ बुझाउन निर्देशन दिएको थियो। स्पष्टीकरण सोधिएका व्यक्तिहरूमध्ये मधेश प्रदेश सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्री राय पनि रहेका थिए। त्यस्तै, देवकरण प्रसाद कलवार, प्रदीप सुनुवार तथा प्रचण्ड विक्रम न्यौपानेसँग पनि स्पष्टीकरण मागिएको थियो। साथै, प्रदेशसभा सदस्य राजु खनाल, सकुन्ती देवी महरा र कौशल किशोर रायलाई समेत समितिले लिखित जवाफ पेश गर्न निर्देशन दिएको थियो।

कांग्रेस स्रोतका अनुसार केही नेताले बुझाएको स्पष्टीकरण सन्तोषजनक नभएको तथा कतिपयले अझैसम्म जवाफ नबुझाएको भन्दै अनुशासन समितिले कारबाही प्रक्रिया अगाडि बढाउने तयारी गरेको छ। यही सन्दर्भमा मन्त्री रायलाई सरकारबाट बाहिरिने दबाब बढेको बताइएको छ।

# डब्ल्यूडब्ल्यूएफ नेपालले दिवंगत ओम प्रकाश महतोलाई उत्तरस्मरणीय रूपमा सम्मानित गर्यो

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ५ जेठ**

डब्ल्यूडब्ल्यूएफ नेपालले दिवंगत ओम प्रकाश महतोलाई उनको साहस, इमानदारी, र वातावरण संरक्षणमा अडिग प्रतिबद्धताको सम्मानमा उत्तरस्मरणीय रूपमा सम्मानित गरेको छ।

धनुषामा गैरकानुनी नदीबिछ्याइको खानीको स्पष्ट विरोध गर्नु उनको सामुदायिक संरक्षण र समुदाय-नेतृत्व भएको वातावरणीय संरक्षणको एक शक्तिशाली उदाहरणको रूपमा रहेको छ। यो सम्मान डब्ल्यूडब्ल्यूएफ नेपालको दीर्घकालीन प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ, जसले ती व्यक्तिहरूलाई सम्मान गर्न मन पराउँछ जसका कार्यहरूले नेपालको



प्राकृतिक स्रोत र जैविक विविधता सुरक्षित गर्न मद्दत पुऱ्याउँछन्। महतोको सम्मान गरेर, डब्ल्यूडब्ल्यूएफ नेपालले दृढता, सार्वजनिक सेवा, र वातावरणीय जिम्मेवारीद्वारा परिभाषित गरिएको उनको योगदानलाई श्रद्धाञ्जली अर्पण गर्दछ। दिवंगत ओम प्रकाश महतोको योगदान एउटा स्मरणपत्र हो कि संरक्षण प्रायः साधारण नागरिकहरूको निर्णयमा निर्भर रहन्छ, जो दबाब र जोखिमको सामना गर्दै प्रकृतिको रक्षा गर्न छनोट गर्छन्। उनको विरासत नेपालभरिका वातावरणीय रक्षक र समुदायहरूलाई प्रेरित गर्दै जानेछ। यो सम्मान दिलाउन रास्वपा मिथिला न.पा.सभापति प्रदिप कुमार महतोले पहल गर्नु भएको थियो।

## तपाईको टुडे

मेषः अशुभ समाचार प्राप्त हुने
वृषः पढाईमा ध्यान दिनुपर्ने
मिथुनः लामो यात्राको योग छ
कर्कटः पिछडेको साथी मिल्न
सिंहः अनावश्यक चिन्ता
कन्याः विचार गरेर बोल्नुहोला
तुलाः शुभ कार्यको शुरुवात
वृश्चिकः मनमा पछुतो आउने
धनुः मित्रतामा फाटो आउने
मकरः खानपानमा समस्या आउने
कूम्भः अनावश्यक खर्चको संभावना
मीनः आम्दानी हुने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०७:३० बजे

# खाडी मुलुकको अपिलपछि अमेरिकाले गऱ्यो इरानमाथिको नियोजित आक्रमण स्थगित

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ५ जेठ**



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कतार, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्स (युएई) का नेताहरूको विशेष अनुरोध र अपिलपछि इरानमाथि गर्ने भनिएको नियोजित सैन्य आक्रमण तत्कालका लागि स्थगित गरिएको बताएका छन् । आफ्नो सामाजिक सञ्जाल 'ट्रुथ सोसल' मा एक लामो विज्ञप्ति जारी गर्दै राष्ट्रपति ट्रम्पले कतारका अमिर शेख तमिम बिन हमद अल थानी, साउदी क्राउन प्रिन्स मोहम्मद बिन सलमान र युएईका राष्ट्रपति मोहम्मद बिन जायद अल नाह्यानले इरानसँग गम्भीर वार्ता चलिरहेको भन्दै पूर्वनिर्धारित आक्रमण रोक्न आग्रह गरेको जानकारी दिए ।

राष्ट्रपति ट्रम्पले अमेरिका इरान विरुद्ध थप सैन्य कारबाहीको पूर्ण तयारीमा रहेको कुरामा जोड दिँदै खाडी क्षेत्रका मित्रराष्ट्र र सहयोगी नेताहरूप्रतिको सम्मानका कारण मात्र आक्रमणमा केही ढिलाइ गरिएको प्रस्ट पारेका छन् ।

मध्यपूर्वमा शान्ति सम्झौताको बलियो सम्भावना रहेको र हाल गम्भीर वार्ताहरू भइरहेको उल्लेख गर्दै ट्रम्पले सबै पक्षका लागि स्वीकार्य हुने खालको सम्झौता हुन सक्ने विश्वास व्यक्त गरे । यो सम्झौता संयुक्त राज्य अमेरिका, मध्यपूर्वका देशहरू र समग्र विश्व समुदायकै हितमा हुने उनको भनाइ छ । ट्रम्पले सम्झौताको मुख्य सर्तका रूपमा इरानसँग कुनै पनि प्रकारको आणविक हतियार वा सोसम्बन्धी कार्यक्रम समावेश हुन नहुने अडान दोहोऱ्याएका छन् । खाडी मुलुकका नेताहरूको आग्रहलाई स्वीकार गर्दै ट्रम्पले रक्षा सचिव (सेक्रेटरी अफ वार) पीट हेग्सेथ, द जोइन्ट चिफ्स अफ स्टाफका अध्यक्ष जनरल डेनियल केन र अमेरिकी सेनालाई मंगलबारका लागि तय गरिएको आक्रमण रोक्न निर्देशन दिएको बताए ।

# सरकारका पूर्व कर्मचारीलाई राष्ट्रिय वाणिज्य बैंकको विशेष ऋण, यस्तो छ पेन्सन कर्जा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ५ जेठ**




राष्ट्रिय वाणिज्य बैंकले सरकारी पूर्व कर्मचारीका लागि विशेष कर्जा ल्याएको जनाएको छ । नेपाल सरकार, सार्वजनिक संस्थान, प्रतिष्ठान, परिषद् लगायतका सरकारी सेवाबाट अवकाशप्राप्त कर्मचारीहरूको लागि बैंकले पेन्सन कर्जाको व्यवस्था गरेको हो ।

विविध व्यक्तिगत आवश्यकता पूरा गर्न वाणिज्य बैंकले विभिन्न प्रकारका आकर्षक कर्जाहरू उपलब्ध गराउँदै आएकामा पेन्सन कर्जा पनि रहेको छ । बैंकका उपभोक्ता कर्जा विभाग प्रमुख भोलानाथ पौडेलले कुनै पनि प्रकारका व्यक्तिगत आवश्यकता पूर्ति गर्नका लागि विभिन्न शीर्षकमा ऋण उपलब्ध गराउँदै आएको जानकारी दिएका हुन् । उनले कर्जाको प्रकृति हेरेर विभिन्न कर्जाको ऋण रकम, त्यसको अवधि र ब्याजदर भने फरक- फरक रहेको जानकारी दिए । हाललाई बैंकले विभिन्न १० शीर्षकमा कर्जा उपलब्ध गराउँदै आएको बताउँदै कर्जा प्रमुख पौडेलले अवकाशप्राप्त कर्मचारीका लागि पनि कर्जाको व्यवस्था गरेको जानकारी दिए । कसले लिन पाउँछन् पेन्सन कर्जा ? नेपाल सरकार, सार्वजनिक संस्थान, प्रतिष्ठान, परिषद् लगायतका सरकारी सेवाबाट अवकाश प्राप्त भएका भएका पूर्व कर्मचारीहरुको लागि बैंकले पेन्सन कर्जाको व्यवस्था गरेको हो । यस्तो कर्जाको अधिकतम सीमा १० लाख रुपैयाँ रहेको छ भने अधिकतम १० वर्षभित्रमा यस्तो कर्जा चुक्ता गरिसक्नुपर्नेछ ।

तर पेन्सनरको उमेर ६५ वर्ष पूरा भएमा यस्तो कर्जा लिन योग्य हुनेछैन । यस प्रकारको कर्जाको लागि ग्राहकले यस बैंकमा पेन्सन जम्मा हुने खाता सञ्चालन गरेको हुनुपर्नेछ । उक्त खातामा जम्मा भएको रकमको आधारमा यस्तो कर्जा प्रवाह गरिने हुनाले अतिरिक्त धितोका आवश्यकता नपर्ने कर्जा प्रमुख पौडेलले बताए ।

# वन अतिक्रमण हटाउन खोज्दा बर्दिवासमा राजमार्ग अवरुद्ध

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ५ जेठ**



डिभिजन वन कार्यालय महोत्तरीले वन अतिक्रमण गरी निर्माण गरिएका घरटहरा हटाउने प्रक्रिया अगाडि बढाएपछि स्थानीयवासीले पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गरेका छन् ।

वन अतिक्रमित क्षेत्रमा आवासीय तथा पसल सञ्चालन गर्दै आएका स्थानीयले घरटहरा हटाउन खोजिएको विरोधमा टायर बालेर राजमार्ग अवरुद्ध गरेका हुन् । व्यापक सुरक्षाकर्मीसहित डोजर परिचालन गरी घर भत्काउन खोजिएपछि स्थानीय आन्दोलित बनेको इलाका प्रहरी कार्यालय बर्दिवासले जनाएको छ। प्रहरीका अनुसार बिहान साढे ८ बजेदेखि सुरु भएको आन्दोलन बिहान १० बजेतिर वार्तापछि स्थगित भएको हो। बर्दिवास नगरपालिका-५ का वडाध्यक्ष कारमान स्याङ्गवासँग भएको सहमतिअनुसार हकुम्बासीलाई घर खाली गराउने शर्तमा आजका लागि घरटहरा हटाउने प्रक्रिया स्थगित गरिएको जनाइएको छ ।

डिभिजन वन कार्यालय महोत्तरीका प्रमुख अजयकुमार मिश्रले यसअघि नै अतिक्रमित संरचना हटाउन १५ दिने, सात दिने र तीन दिने सार्वजनिक सूचना जारी गरिएको जानकारी दिए । उनले राजमार्ग आसपासका विभिन्न स्थानमा वनको जग्गा अतिक्रमण गरी घर निर्माण गरिएको बताए। "सुरुमा साना पसल तथा टहरा बनाएर व्यवसाय थालिएको थियो, अहिले ती संरचना अर्धपक्की घरका रूपमा विस्तार भएका छन्," प्रमुख मिश्रले भने । गौशाला नगरपालिका-१ र बर्दिवास नगरपालिका-५ क्षेत्रमा पर्ने महेन्द्र राजमार्ग छेउछाउमा करिब २० वटा घरटहरा रहेको जनाइएको छ ।

# गायिका शाकिराले जितिन् मुद्दा: स्पेनको अदालतद्वारा ५ करोड ५० लाख युरो फिर्ता गर्न आदेश

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ५ जेठ**



स्पेनको एक अदालतले त्यहाँको कर प्रशासनलाई प्रसिद्ध गायिका शाकिराबाट असुल गरिएको ५ करोड ५० लाख युरो फिर्ता गर्न आदेश दिएको छ ।

कर सम्बन्धी विवादमा उक्त रकम गलत तरिकाले सङ्कलन गरिएको ठहर गर्दै राष्ट्रिय उच्च अदालतले कोलम्बियन गायिका शाकिरालाई कर ठगीको आरोपबाट सफाइ दिएको हो । अदालतले ट्रेजरीलाई सो रकम ब्याजसहित शाकिरालाई फिर्ता गर्न आदेश दिएको छ। कर अधिकारीहरूले सन् २०११ मा शाकिराले स्पेनमा १८३ दिन बिताएको प्रमाणित गर्न नसकेपछि अदालतले यो फैसला सुनाएको हो। स्पेनमा व्यक्तिगत आयकर तिर्नका लागि त्यहाँको बासिन्दा हुन कम्तीमा १८३ दिन बसेको हुनुपर्ने कानुनी प्रावधान छ । अदालतको यो फैसलापछि ४९ वर्षीया शाकिराले अदालतले अन्ततः सत्य तथ्य बाहिर ल्याएको बताएकी छिन् । उनले आफूले विगत आठ वर्षदेखि क्रूर सार्वजनिक निशाना, आफ्नो प्रतिष्ठा नष्ट गर्न रचिएका अभियानहरू र अनिँदो रातहरू भोगेको र जसले अन्ततः आफ्नो स्वास्थ्य र परिवारको भलाईमा असर पारेको उल्लेख गरेकी छिन् । कर कार्यालयले फिर्ता गर्नुपर्ने रकममा करिब २ करोड ४० लाख युरो आयकर र अधिकारीहरूले 'अति गम्भीर' उल्लङ्घन भनी लगाएको झन्डै २ करोड ५० लाख युरो जरिवाना समावेश छ । यता कर एजेन्सीले भने यो फैसलाविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गर्ने र अन्तिम फैसला नआएसम्म कुनै पनि रकम भुक्तानी नगर्ने जनाएको छ । 'हिप्स डन्ट लाइ' र 'वेरएभर, वेनएभर' जस्ता चर्चित गीतकी गायिका शाकिरा सन् २०१० मा दक्षिण अफ्रिकामा भएको विश्वकपको आधिकारिक गीत 'वाका वाका'को म्युजिक भिडियो सुटिङका क्रममा भेटिएपछि पूर्व बार्सिलोना तथा स्पेनका फुटबलर जेरार्ड पिकेसँग एक दशकभन्दा बढी समय सँगै बसेकी थिइन् ।



## विभेदमा हुने लिंग पहिचान गरी गर्भपतन हुने समाजमा स्वास्थ्य सम्बन्धी जनचेतनामूलक सन्देशः

- सुरक्षित मातृत्व तथा प्रजनन अधिकार ऐन २०७५ र मुलुकी (अपराध संहिता) २०७४ ले लिंग पहिचान गरी गरिने गर्भपतनलाई निषेध गरेको छ ।
- ऐनमा कसैले पनि गर्भमा रहेको भ्रुणको लिंग पहिचान हुने कार्य गर्न वा गराउन नपाउने प्रावधान छ ।
- गर्भवती महिलालाई गर्भको लिंग पहिचान गर्न डर, त्रास करकाप, धम्की वा कुनै किसिमको प्रलोभन, अनुचित प्रभाव, दबाब दिन वा बाध्य पार्न पाइँदैन ।
- यस्तो कसुर गर्नेलाई १२ हप्तासम्मको गर्भ भए एक वर्ष कैद र १० हजार जरिवाना, १२ हप्ताभन्दा बढी २५ हप्ताको गर्भ भए तीन वर्षसम्म कैद र ३० हजार जरिवाना र २५ हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्मको कैद र ५० हजार जरिवाना तोकिएको छ ।

**गर्भपतन गर्नुका कारणहरू :-**

१. महिलाको प्रजनन अधिकार र सुरक्षित गर्भपतन सेवाको बारेमा समुदाय स्तरसम्म जानकारी नहुनु ।
२. तालिमप्राप्त भई सम्बन्धित निकायमा दर्ता भएका स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थामा मात्रै सेवा लिन पाउने भएकाले यसको उपलब्धता र पहुँचमा कमी हुनु ।
३. सजिलै कुनै पनि निजी औषधि पसलमा उक्त गर्भपतन गराउने औषधि उपलब्ध हुनु ।
४. समाजमा गर्भपतन गराउने कुरालाई नराम्रो नजरले मात्रै हेर्ने भएकाले लाज र डरले गर्दा असुरक्षित बाटो अवलम्बन गर्नु ।
७. सेवा लिने ठाउँ भौगोलिक रुपमा पहुँच भन्दा टाढा हुनु ।
८. उक्त सेवा लिनलाई श्रीमान् तथा परिवारको साथ नहुनु ।

**अपनाउनुपर्ने सचेतना :-**

१. विद्यालय वा उच्च शिक्षाका कोर्षमा अनिवार्य प्रजनन अधिकारको विषयमा उल्लेख गरी प्रजनन शिक्षाको दायरा बढाउनुपर्छ ।
२. सुरक्षित गर्भपतन सेवालाई अझै विस्तार गर्नुपर्ने देखिन्छ ।
३. गर्भपतन गराउनु अघि भिडियो एक्स रे रगतका जाँच जस्ता सुविधाको पहुँच पुर्याउनुपर्ने देखिन्छ ।
४. स्वास्थ्यकर्मीहरूलाई तालिम दिई संख्यात्मक हिसाबले बढाउनु आवश्यक छ ।
५. परिवार नियोजन, गर्भधारण, सन्तान जन्माउने कुरामा स्वयम् महिलाको इच्छा र योजनालाई प्राथमिकता दिनुपर्छ भन्ने कुरा समाजमा स्थापित गर्नुपर्छ ।

**अनुरोधकर्ता :**
**स्वास्थ्य कार्यालय धनुषा**

# प्रधानमन्त्रीले बोल्नुपर्छ कि पर्दैन ?



-यदि प्रधानमन्त्रीले नबोलेरै काम चलाउने हो भने नागरिक र सरकारबीचको सम्बन्ध बन्छ कसरी ? आलोचना र समर्थनको सिलसिला स्थापित हुन्छ कसरी ? जवाफदेहिता बढ्छ कसरी ? सायद, त्यसपछि सत्ता 'अनुमान' मा चल्न थाल्छ । प्रधानमन्त्री वालेन्द्र शाह सदनमा उपस्थित हुनुपर्ने माग राख्दै विपक्षीले गरेको विरोध । तस्बिर : हेमन्त श्रेष्ठ । प्रधानमन्त्रीले संसद्मा बोल्नु केवल औपचारिकता होइन, लोकतान्त्रिक उत्तरदायित्व र संस्थागत विश्वसनीयताको आधार हो । संसद्मा उठेका प्रश्नहरूको जवाफ नदिने, संवादबाट टाढा रहने वा मौन बस्ने प्रधानमन्त्रीको शैली लोकतान्त्रिक मूल्य र जनप्रतिनिधिमूलक संस्थाको अपमान हो । प्रधानमन्त्रीले जिम्मेवार, तथ्यपरक र आवश्यक समयमा बोल्नुपर्छ, किनभने यसले सरकार र नागरिकबीच विश्वासको सेतु निर्माण गर्छ ।

यदि तपाईं प्रधानमन्त्री वालेन्द्र शाहको समर्थक हुनुहुन्छ भने सुरुमा नै स्पष्ट गर्छु, यो उनका नाममा लेखिएको लेख होइन । यदि तपाईं वालेन्द्र शाहको गुनगान वा स्तुति मात्र सुन्न चाहनुहुन्छ भने तपाईंलाई भनिहालौं, यो लेखले तपाईंलाई निराश बनाउनेछ । र, कतै तपाईंलाई वालेन्द्र शाहको मात्र आलोचना पढ्दा स्वाद आउँछ भने तपाईंलाई पनि भनिहालौं, यो लेख तपाईंका लागि स्वादिलो छैन । अवश्य नै, यो लेखको केन्द्रीय प्रश्न वालेन्द्र शाहबाट सुरु हुन्छ । यद्यपि, यहाँ कुरा गरिएको छ, प्रधानमन्त्री पदको । किनभने, यो लेख प्रधानमन्त्रीले बोल्नुपर्छ (संसद्मा) कि पर्दैन, कति बोल्नुपर्छ वा नबोल्दा के हुन्छ भन्ने प्रश्नमा केन्द्रित छ । यसर्थ नै, यहाँ आउने वालेन्द्र प्रसंगका एक पात्र मात्र हुन् । खासमा यो लेखले उठाउन खोजेको सैद्धान्तिक प्रश्न हो, लोकतान्त्रिक मान्यता र शासकीय उत्तरदायित्वको । जो प्रधानमन्त्रीले बोल्ने कि नबोल्ने वा कहाँ बोल्ने र कति बोल्ने भन्ने कुरासँग सिधा जोडिएर आउँछ । यस सन्दर्भको उत्पत्ति कसरी भयो जगजाहेर छ । यद्यपि, स्मरण गराउँ, अहिले हामीकहाँ दुइटा रोचक बहसका केन्द्रहरूबीच सवाल-जवाफ जारी छन् । एउटा बहसको केन्द्रले भन्छ, प्रधानमन्त्रीले संसद्मा बोल्नुपर्छ । र, अर्कोले भन्छ, प्रधानमन्त्रीले बोलिरहन आवश्यक छैन, चुपचाप काम गरे पुग्छ । प्रधानमन्त्री बोल्नुपर्छ भन्नेहरू ठान्छन्, संसद्मा बोल्नु प्रधानमन्त्रीको नैतिक जिम्मेवारी मात्र होइन, निर्वाचित जनप्रतिनिधिहरूको सम्मान र प्रश्नहरूप्रतिको जवाफदेहिता हो । यो लोकतन्त्रको आत्मासँग जोडिएको प्रश्न हो । तर यसको विपरीत धारणा राख्नेहरू ठान्छन्, 'किन बोल्नुपर्‍यो ? काम गरे भइहाल्यो ।' खासमा पहिलेका प्रधानमन्त्रीहरू धेरै बोलेर कुरा बिग्रिएको ठान्नेहरूलाई लाग्छ, नयाँ प्रधानमन्त्रीले धेरै बोल्ने परम्परा तोड्नुपर्छ । यहाँ जसले प्रधानमन्त्री बोल्नुपर्छ भनिरहेका छन्, उनीहरूको धारणा छ, बोल्नु भनेको बकबक गर्नु, हल्ला गर्नु, चुट्किला भन्नु वा काम रोकेर बोलिरहनु भनेको होइन । अवश्य नै, यहाँ जिम्मेवारीका साथ बोल्नुपर्छ भनिएको हो । किनभने धेरै बोल्नुको विकल्प बोल्दै नबोल्नु होइन, ठिक्क बोल्नु हो । र, यहाँ बोल्नु भनेको न त उडन्ते कुरा गर्नु हो, न त गैरजिम्मेवार हुनु हो । वस्तुतः यहाँ बोल्नु भनेको निरर्थक भाषण गर्नु, फोस्रा कुरा गर्नु वा सार्वजनिक खपतमा रमाउनु भनेको पनि होइन । यहाँ प्रधानमन्त्री बोल्नुपर्छ भनेर मानिसहरू जे भनिरहेका छन्, त्यसको अर्थ उत्तरदायी हुनु हो ।

आम रूपमा उठेका प्रश्नहरूको जवाफ दिनु, आफ्ना नीति र कार्यक्रममा देखिएका संशय निर्मूल गर्नु र सार्वजनिक आशंकालाई सम्बोधन गर्नु हो । यहाँ, जसले प्रधानमन्त्री बोल्नुपर्छ भनिरहेका छन्, उनीहरूको तर्क छ, प्रधानमन्त्रीले आफ्नो प्रयोजन बताउनुपर्छ । आफ्नो सपना बताउनुपर्छ । किनभने त्यसपछि मात्र मानिसमा निहित दुविधाहरू हट्छन्, प्रश्न सकिन्छन् र आशा जागृत हुन्छन् । यहाँ प्रधानमन्त्रीले संसद्मा बोल्नुपर्छ भन्नुको अर्थ संस्थाप्रतिको सम्मान हो । यस्तो संस्था, जसलाई जनताको प्रतिनिधिका रूपमा स्थापित गरिएको छ । स्पष्ट गरौं, यहाँ प्रधानमन्त्रीलाई 'प्रभु, केही त बोलिदेऊ' भनेर बिन्ती बिसाउन खोजिएको होइन । यहाँ प्रधानमन्त्रीलाई 'महोदय, तपाईंको मुखारविन्दबाट केही पवित्र शब्दहरू सुन्न सारा प्रजाजन आतुर छन्' भनेर याचना गर्न खोजिएको होइन । यहाँ उनको भाषण रोचक हुन्छ र त्यसले नेपाली राजनीतिलाई नवीन दिशा दिन्छ, त्यसैले महोदय कृपया बोलिदेऊ भनेर भाउ दिन खोजिएको पनि होइन । र, यहाँ बोल्नु भनेको काम नगरी बोली बस्नु भनेको पनि होइन । यहाँ बोल्नु भनेको जवाफ दिनु भनेको हो । संसदीय लोकतन्त्रमा प्रधानमन्त्री सधैं संसद्प्रति उत्तरदायी हुन्छ । अतः संसद्मा उठेका प्रश्नहरूको जवाफ दिनु प्रत्येक कार्यकारीको जिम्मेवारी हो । अन्यथा, कुनै प्रधानमन्त्री आफूलाई संसद्भन्दा माथि ठान्छ भने त्यो अहंकार हो ।

त्यो नागरिक अभिमतप्रति अपमान हो । त्यो सर्वसत्तावाद हो । र, भ्रमवश नै सही, यदि कुनै प्रधानमन्त्री संसदीय दायित्वबाट भाग्छ भने त्यो पतनको प्रारम्भ हो । जसले स्पष्ट गर्छ, ऊभित्र थोरै पनि लोकतान्त्रिक चरित्र र जिम्मेवारीबोध छैन । यसर्थ नै प्रधानमन्त्रीले संसद्बाट भाग्न वा त्यसलाई छल्न मिल्दैन । त्यसो गरियो भने त्यसबाट जनप्रतिनिधिमूलक संस्थाको अपहेलना र मानमर्दन हुन्छ । यसले कार्यकारीलाई मैमत्त बनाउँछ । यो शक्ति पृथकीकरणको सिद्धान्त बाहिरको कुरा हो । र, हो खतरनाक, अलोकतान्त्रिक र गैरजिम्मेवार अवस्था ।

जहाँसम्म 'काम गरे भइहाल्यो' भन्ने तर्क छ, अवश्य नै सतहमा हेर्दा यो तर्क आकर्षक देखिन्छ । तर यो विचारभित्र निहित छन् अन्योल, असमझदारी र पूर्वाग्रहहरू । जस्तो, पहिलो कुरा त कामलाई कसरी परिभाषित गर्ने ? अथवा, यहाँ काम भनेर के भन्न खोजिएको हो ? किनभने एउटा प्रधानमन्त्री संसद्प्रति ( मतदाताप्रति) जवाफदेही हुने कुरा आफैंमा काम होइन र ? दोस्रो, कामको औचित्य कसरी पुष्टि हुन्छ ? कामको कुनै योजनाबद्ध सिलसिला हुन्छ कि यो मात्र प्रधानमन्त्रीले सनकमा गर्ने कुरा हो ? तेस्रो, काम कसरी भइरहेको छ, त्यसको पारदर्शिता सुनिश्चित गर्न आवश्यक हुँदैन ? चौथो र मुख्य कुरा, यदि कामप्रति नै प्रश्न उठ्यो भने त्यसको जवाफ प्रधानमन्त्रीले दिनुपर्छ कि पर्दैन ? त्यसैले यहाँ 'काम गरे भइहाल्यो' भन्ने तर्क उत्तरदायित्वविहीन तर्क हो । किनभने काम जति नै महत्त्वपूर्ण हुन्छ, काममाथि गर्नुपर्ने संवाद । अझ यसो भन्न सकिन्छ कि, कहिलेकाहीं बोल्नु पनि काम हो । र, यहाँनेर प्रधानमन्त्रीबाट त्यही कामको अपेक्षा गरिएको हो । अन्यथा, लोकतान्त्रिक व्यवस्थामा पनि तानाशाहीमा झैं प्रधानमन्त्रीको मुड हेरेर उनी के सोचिरहेका छन् अनुमान लगाउनुपर्ने समय आयो भने त्योभन्दा चुत्थो, अराजनीतिक र अलोकतान्त्रिक समय अरू के हुन्छ ? यसैकारण भनिएको हो कि प्रधानमन्त्रीले आफ्ना नीति, प्राथमिकता र कार्यक्रमबारे संसद्मार्फत नागरिकलाई जानकारी दिनुपर्छ ।

आवश्यकता अनुसार, सञ्चारमाध्यमसँग समय-समयमा संवाद गर्नुपर्छ । किनभने यसले केवल सूचना मात्र प्रवाह गर्दैन, सरकार र नागरिकबीच विश्वासको सेतु पनि निर्माण गर्छ । कतिपय अवस्थामा सिर्जना हुने संशयहरू मेटिन्छन् र मानिसमा अपार आशाहरू जागृत गर्छ ।

**साभार : कान्तिपुर ।**


## मोटरसाईकल हराएको सूचना

जनकपुरधाम उपमहानगरपालिका वडा नं. १९ पुल चोक स्थित मेरो घर अगाडिबाट म.प्र.०३ ०३९ प ६१९९ नम्बरको मोटरसाईकल हराएको छ । मोटरसाईकल फेला पार्नु हुने महानुभावले कृप्या नजिकको प्रहरी कार्यालय वा मेरो मोबाईल नं. ९८४४३१४९२७ मा सम्पर्क गरी जानकारी गराउनु हुन अनुरोध छ ।

म.प्र.०३ ०३९ प ६१९९

इ.नं J3ASFNS2001705

च्याचिस नं. M63J3cSFNSN000086




## व्यवसायिक खेतिमा विषादीको कम प्रयोग

**विषादी धेरै, रोग धेरै, तसर्थ सचेत बनौं ।**

**सजग बनौ, खेती सुधारौं, सुरक्षित खाना उत्पादन गरौं ।**

**आमसंचार प्राधिकरण**
मधेश प्रदेश, जनकपुरधाम

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday